दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १६० | बुटवल | २०८२ जेठ २३, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday June.06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# पूर्वप्रधानमन्त्री नेपालविरुद्ध भ्रष्टाचार मुद्दा



**लुम्बिनी संवाददाता**
*बुटवल*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री माधव नेपालविरूद्ध भ्रष्टाचार मुद्दा चलाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लागू भएपछि गठन भएको आयोगले पहिलोपल्ट पूर्व प्रधानमन्त्रीविरुद्ध मुद्दा दर्ता गरेको हो।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले काभ्रेपलाञ्चोक जिल्लाको नासिकास्थान साँगा, महेन्द्रज्योतिमा कम्पनी सञ्चालनको लागि हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको, उक्त जग्गा कम मूल्यमा किनेर बढी मूल्यमा बेचबिखन गरेको र त्यसमा पूर्वप्रधानमन्त्री नेपालले सहयोग गरेको पाइएको भन्दै अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालमाथि बिहीबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएसँगै उनी यस्तो मुद्दा खेप्ने हालसम्मकै सर्वोच्च पदाधिकारी बनेका छन्।

२०६६ जेठ ११ देखि २०६७ माघ २२ सम्म उनी प्रधानमन्त्री भएका थिए। तत्कालीन अवस्थामा उनी काठमाडौँ र रौतहट गरी दुईवटा निर्वाचन क्षेत्रबाट पराजित भएपनि मन्त्रिपरिषद्बाट मनोनयन हुने कोटामा संविधान सभा सदस्य भएका थिए।२०७९ को निर्वाचनमा रौतहट क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका नेपाल अब सांसद पदबाटै निलम्बनमा परिसकेका छन्।

यस प्रकरणमा देखिएका ४ वटा कसुरजन्य कार्यमध्ये नेपालको संलग्नता एउटा कसुरमा देखिएको अख्तियारले जनाएको छ। र, १८ करोड ५८ लाख ५० हजार रुपैयाँ उनका नाममा बिगो कायम गरिएको छ।

उनीमाथि अख्तियारले राष्ट्रसेवकलाई आफ्नो ओहोदाको दुरुपयोग गरी गराई पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालले गैरकानुनी तरिकाले खरिद गरेको हदभन्दा बढी जग्गा जफत तथा सरकारी सार्वजनिक कायम हुनेमा बदनियतपूर्वक व्यक्ति/कम्पनीमा हस्तान्तरण गरी गराई निजी प्रयोग प्रचलनमा ल्याएको अभियोग छ। पूर्वप्रधानमन्त्री नेपाल यसअघि बालुवाटारस्थित ललिता निवासको जग्गा घोटाला प्रकरणमा पनि मुछिएका थिए।

अख्तियारको अनुसन्धानले उनी र पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलाई दोषी देखाए पनि मन्त्रिपरिषद्को निर्णयमा मुद्दा चलाउने अधिकार नभएको भन्दै उन्मुक्ति दिएको थियो। त्यतिखेर अख्तियार प्रमुख नवीन घिमिरे थिए।

त्यस प्रकरणमा बालुवाटारको सरकारी जग्गा व्यक्तिका नाममा गराउन माफियाको प्रभावमा परी मन्त्रिपरिषद्ले विभिन्न चरणमा निर्णय गरेको पाइएको थियो।

उक्त प्रकरणमा धेरै कागजातहरू नक्कली तयार गरेको पाइएपछि लिखतसम्बन्धी कसुरमा पनि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले मुद्दा चलाएको थियो। त्यतिखेर नेपालको घरैमा गएर नेपालसँग बयान लिए पनि उनलाई प्रतिवादी भने बनाइएन।

उनी र बाबुराम भट्टराईविरुद्ध पनि मुद्दा चलाउनुपर्ने माग गरी दायर गरिएको रिट सर्वोच्च अदालतमा विचाराधीन छ।

## राजनीतिक प्रतिशोध : विपक्षी नेता

बुटवल। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरुद्ध भ्रष्टचार मुद्दा दर्ता गरेपछि विपक्षी दलहरूले अख्तियारलाई प्रभावमा पारेर नियोजित तरिकाले मुद्दा अघि बढाइएको धारणा व्यक्त गरेका छन्।

विपक्षी दलका नेतालाई तर्साउने नियतले अख्तियार 'प्रयोग' गरिएको आरोप प्रतिपक्षको छ। नेकपा एकीकृत समाजवादीले पार्टी र नेतृत्वविरुद्ध हुने कुनै पनि षड्यन्त्रको प्रतिवाद गरिने बताएको छ।

नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले बिहीबार एक विज्ञप्ति जारी गर्दै सरकारबाट हुने कुनै पनि षड्यन्त्रको प्रतिवाद गर्ने जनाएका छन्।

'वर्तमान सरकारले राजनीतिक बदलाको भावनाबाट प्रेरित रही हाम्रो पार्टीका विरुद्ध विगतदेखि नै षड्यन्त्रहरू गर्दै आएको कुरा विभिन्न बेलामा देखिएको र तिनलाई हामीले सार्वजनिक गर्दै आएका थियौं,' भुसालले भनेका छन्-'यो हाम्राविरुद्ध षड्यन्त्रकोअर्को घटना हो भन्ने हाम्रो ठहर छ। यस्तो कुनै पनि षड्यन्त्रको प्रतिवाद गरिनेछ।'

विज्ञप्तिमा भुसालले पार्टी अध्यक्षले नै कुनै कमजोरी नगरेको बताएको भन्दै कानुनी प्रक्रियाको सामना गर्ने स्पष्ट पारेका छन्। 'यस घटनालाई स्वयं पार्टी अध्यक्ष माधवकुमार नेपालले नबिराउनु, नडराउनु भनेर आफ्नो प्रारम्भिक धारणा सार्वजनिक गर्नु भएको छ। र, त्यसरी नै कानुनी प्रक्रियाको सामना गर्ने दृढता व्यक्त गर्नुभएको छ,' विज्ञप्तिमा भनिएको छ-'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ता गरेको मुद्दाका बारेमा गरिने कुनै पनि कुप्रचार र भ्रममा नपर्न पार्टी पंक्ति र जनसमुदायलाई अनुरोध गरिन्छ।'

नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङलेसत्तापक्ष र प्रतिपक्षबीच टकराव उत्पन्न भइरहेको बेला मुद्दा अघि बढ्नुमा राजनीतिक प्रतिशोधको आशंका पैदा भएको बताए।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखक मुछिएको भन्दै प्रतिपक्ष दलले निरन्तर संसद् अवरुद्ध गरिरहेका छन्। गृहमन्त्री लेखकले राजीनामा दिनुपर्ने विपक्षीको माग छ भने सत्तापक्ष गृहमन्त्रीले राजीनामा दिनु नपर्ने अडानमा छ।

सत्ता र विपक्षी दलबिच सम्बन्ध टाढिएको बेला माधव नेपालविरुद्ध मुद्दा दर्ता हुनुलाई माओवादी केन्द्रले अस्वभाविक रूपमा लिएको छ। 'भ्रष्टाचारका धेरै मुद्दा छन्। आवरणमा भ्रष्टाचार देखाएर कसैलाई सिध्याउने, खुइल्याउने दिशातिर गएको हो कि भन्ने लाग्छ।'-गुरुङले भने।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले अहिले सत्तामा बसिरहेका र भ्रष्टचारमा मुद्दामा मुछिएका नेताहरूमाथि पनि छानबिन हुनुपर्ने बताए।

सत्तापक्षमा रहेका नेताहरूले आफूमाथि नै छानबिन गर्न तयार हुनुपर्ने लिङ्देनको जिकिर छ। 'माधव नेपाल मात्रै होइन, यो भन्दा ठूलाठूला भ्रष्टचारका काण्ड छन्। प्रधानमन्त्री भइसकेका अरु व्यक्तिमाथि पनि ठूलाठूला अभियोग छन्।'-उनले भने।

एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले प्रधानन्त्री केपी शर्मा ओलीको निर्देशनमा मुद्दा दर्ता भएको आरोप लगाए। 'यो पूर्वाग्रहपूर्ण छ। यसबारेमा पहिले नै अख्तियारले मुद्दा चलाउन नपर्ने चिठी दिइसकेको छ। अहिले मुद्दा दायर किन गर्नुपऱ्यो,' पाण्डेले भने-'अख्तियारले तामेलीमा लगेको केस हो। ओलीजीको निर्देशनमा भएको राजनीतिक प्रतिशोध नै हो।'

एकीकृत समाजवादीले यो घटनालाई २८ जेठमा सर्वोच्च अदालतले संवैधानिक निकायका पदाधिकारी नियुक्तिविरुद्धको निर्णयलाई समेत जोडेर हेरेको छ। सर्वोच्च अदालतले २८ जेठमा तत्कालीन ओली सरकार नेतृत्वको बेला भएका संवैधानिक निकायका नियुक्ति विरुद्धको निर्णय सुनाउँदैछ। अख्तियार प्रमुख प्रेमकुमार राई पनि तत्कालीन समयमा नियुक्त भएका थिए। अख्तियारमा परेको उजुरी तामेलीमा राख्ने निर्णय भइसकेको तर नियतवस यो बेला मुद्दा अघि बढाइएको एकीकृत समाजवादीको बुझाइ छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता शिशिर खनालले वर्तमान सरकारमा रहेका र अनियमिततामा जोडिएका नेताहरूलाई पनि छानबिनको दायरामा ल्याउनुपर्ने बताए।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल सबै ठूला भ्रष्टाचार काण्डमा जोडिएकाहरूमाथि छानबिन हुनुपर्ने बताउँछन्। सुवालले भने-'गिरिबन्धु, भिजिट भिसा, सुन काण्ड, नक्कली भुटानी शरणार्थी, जहाँ-जहाँ जसले पैसा खाएको छ, नेपाली जनताले अब यसरी नै नांगेझार बनाउनुपर्छ। भ्रष्टाचारको निर्णय जहाँबाट भए पनि कारबाही हुनुपर्छ।'

जिसीको संयोजकत्वमा
## नागरिक मिडिया मञ्च गठन



बुटवल। नागरिक सरोकारका मुद्दाहरुमा पेशागत धर्म निर्वाह गर्दै जनउत्तरदायी पत्रकारिता प्रभावकारी बनाउने उद्देश्यले बुटवलमा नागरिक मिडिया मञ्च नेपाल गठन भएको छ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्वअध्यक्ष यानेन्द्र जिसीको संयोजकत्वमा मञ्च गठन भएको हो। स्वतन्त्र र साझा फोरमका रुपमा गठन गरिएको मञ्चको सदस्यहरुमा टिआर शर्मा, प्रकाश डुम्रे, श्यामलाल पोखरेल र विनोद परियार रहेका छन्।

१५ सदस्यीय मञ्चमा अन्य सदस्यहरु थपिंदै जाने जनाइएको छ। पछिल्लो समय मिडियाप्रति आम नागरिकको अपेक्षा र समाजका भएका उकुसमुकुसलाई सम्बोधन गर्ने गरी पत्रकारिता क्षेत्रको बहसलाई अगाडि बढाउन मञ्च स्थापना गरिएको संयोजक यानेन्द्र जिसीले बताए।

## 'लुम्बिनीमा तीन वर्षपछि १० अर्ब राजस्व संकलन'

दाङ। लुम्बिनी प्रदेशको आन्तरिक राजस्व संकलन तीन वर्षपछि १० अर्ब रुपैयाँ पुऱ्याउन सकिने प्रक्षेपण गरिएको छ। आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीको संयोजकत्वमा गठित कार्यदलले तयार पारेको प्रतिवेदनमा उक्त प्रक्षेपण गरिएको हो। उक्त प्रतिवेदन मुख्यमन्त्री चेतनारायण आचार्यलाई बिहीबार हस्तान्तरण गरिएको छ।

मुख्यमन्त्री आचार्यले प्रतिवेदनका सुझावहरूलाई आगामी बजेट र कार्यक्रममार्फत् कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे। 'गत वर्षको तुलनामा डेढ अर्ब रुपैयाँले आन्तरिक राजस्व बढाएका छौं, अब कानुनी अड्चन फुकाउँदै र दायरा फराकिलो बनाउँदै तीन वर्षमा १० अर्ब राजस्व संकलन सम्भव छ।'-उनले भने।

कार्यदलले प्रदेशको राजस्व संरचना, अधिकार, परिचालन र सम्भावित स्रोतहरूबारे अध्ययन गरी प्रतिवेदनमार्फत सुझाव दिएको हो।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२-८३ मा स्थानीय तहसँग बाँडफाँट समेतगरी ५ अर्ब ९० करोड, २०८३-८४ मा ६ अर्ब ६७ करोड र २०८५-८६ मा १० अर्ब २ करोड रुपैयाँ राजस्व संकलन हुने प्रक्षेपण गरिएको छ।

राजस्वको दायरा फराकिलो पार्न कार्यदलले विभिन्न रणनीतिक क्षेत्र पहिचान गरेको छ। जसमा प्राकृतिक स्रोत तथा निर्माण सामग्री (ढुंगा, गिट्टी, माटो, बालुवा आदि), पर्यटकीय स्थल, क्यासिनो, होर्डिङ बोर्ड, डिजिटल डिस्प्ले, सडक बत्ती तथा सामाजिक सञ्जालमा गरिने विज्ञापन, प्लास्टिक प्याकेजिङमा प्रयोग हुने बट्टा र पाउच, सवारी कर, कृषिजन्य आयलगायत क्षेत्रको दायरा विस्तार गरी कर प्रणालीलाई प्रभावकारी बनाउने प्रस्ताव गरिएको छ।

त्यस्तै, घरजग्गा रजिष्ट्रेशन कार्य प्रदेश सरकार मातहत ल्याउने, मालपोत मूल्याङ्कनमा प्रदेश प्रतिनिधित्व सुनिश्चित गर्ने, आन्तरिक ऋण उठाउने कानुनी आधार तयार गर्ने, कर तथा गैरकर राजस्व ऐन संशोधन गर्ने, चालु खर्चमा मितव्ययिता अपनाउने र प्रदेश आयोजना बैंक सञ्चालनमा ल्याउने जस्ता ठोस कदमहरू सिफारिस गरिएको छ।

मुख्यमन्त्री आचार्यले प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रालयहरूलाई स्पष्ट कार्ययोजना तयार गर्न निर्देशन दिए।

'राजस्व संरचना सुधार गर्दै लुम्बिनी प्रदेशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने हाम्रो दृढ संकल्प हो,' उनले भने-'यसका लागि सुझावहरुलाई आधार मानेर कार्यान्वयन सरकार प्रतिबद्ध छ।'

उक्त प्रतिवेदनले प्रदेश सरकार र स्थानीय तहबिचको समन्वय, दोहोरो कर प्रणालीको अन्त्य, कानुनी स्पष्टता र पारदर्शिता कायम गर्दै राजस्वको स्थायित्व र वृद्धि सुनिश्चित गर्न सकिने विश्वास गरिएको छ।

गत २०८१ कार्तिक ४ गते मन्त्रिपरिषद्को बैठकले आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो।

कार्यदलमा तीन जना प्रदेशसभा सदस्य, योजना आयोग, सबै मन्त्रालयका सचिवहरु सदस्य रहेका थिए।

प्रदेशमा राजस्वको विद्यमान अवस्थाको अध्ययनगरी राजस्वको वर्तमान समष्टिगत अवस्था, राजस्व परिचालनका आधार र दायरा सहित सम्भावित स्रोतहरुको पहिचानगरी राजस्व अभिवृद्धिकालागि सुझाव दिनेगरी कार्यदल गठन गरिएको थियो।



# सम्पादकीय

## मोटरबोट चलाउन रोक्नु सकारात्मक

विश्व सीमसार क्षेत्रमा सूचीकृत एवं पन्छी आरक्ष जगदीशपुर तालमा मोटरबोट सञ्चालन रोक लगाइएको छ । मोटरबोट चलाएर जैविक विविधतालाई असर पुगेको भन्दै आलोचना भएपछि प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयको निर्देशनमा डिभिजन वन कार्यालय कपिलवस्तुले मोटरबोट चलाउन रोक लगाएको हो । चराको लागि प्रख्यात तालबाट चरा लोप हुँदै जाँदा जगदीशपुर तालको भविष्य संकटमा परेको भन्दै दैनिक लुम्बिनीले समाचार प्रकाशित गरेको थियो ।

सिँचाइ प्रयोजनका लागि निर्माण गरिएको यो ताल सिँचाइको लागि भन्दा अहिले जैविक विविधताको लागि महत्वपूर्ण रहेको छ । जगधिशपुर १५७ हेक्टरमा फैलिएको छ । ताल क्षेत्रमा डेढ सय बढी प्रजातिका चरा सहित उभयचर, सरीसृप र स्तनधारी जनावरको बासस्थान, चरण क्षेत्र र प्रजनन् हुने गर्छ । रामसार क्षेत्रमा सूचीकृत नेपालका १० सीमसार क्षेत्रमध्ये जगदीशपुर ताल एक हो । तालमा १० जना मान्छे राखेर तीब्र गतिमा चर्को आवाज र छाल निकाल्दै चल्ने मोटरबोटले चराको बासस्थान बिथोलिँदा समेत सरोकारवाला निकायले बेवास्ता गरेका थिए । बैशाख ५ गतेबाटमोटरबोट सञ्चालनमा ल्याइएको थियो । मोटरबोटको आवाजले चराको बासस्थान नै संकटमा पर्ने भन्दै चराविद्हरुले रोक्न माग गरेका थिए । । तालमा चर्को आवाजसहितको मोटरबोट घुमाई-घुमाई चलाउँदा चरा बस्न नसक्दा जगदिशपुर तालको महत्व नाश हुने भन्दै चिन्ता व्यक्त हुनु स्वभाविकै हो ।

जगदीशपुर जलाशय व्यवस्थापन बहुसरोकार मञ्च नामक गैरसरकारी संस्थाले बैशाखदेखि आगामी चैतसम्मका लागि ८ लाख ५५ हजार रुपैयाँमा ठेक्का दिएर मोटरबोट चलाएको थियो । आगामी दिनमा यसरी ठेक्का दिने काम बन्द हुनुपर्छ । कुन विधि र प्रक्रियाका आधारमा ठेक्का दिइयो भन्ने पनि छानविन हुनुपर्छ ।

आइयूसीएन नेपालले गरेको एक अध्ययनअनुसार ताल क्षेत्रमा १ सय ६७ प्रजातिका चरा पाइन्छन् । त्यसमध्ये ९२ प्रजातिका रैथाने, ९ प्रजातिका गर्मी याममा आउने, ६४ प्रजातिका चरा जाडो याममा आउने र ३ प्रजातिका चरा आंशिक प्रवासी रहेको अध्ययनले देखाएको छ । यस्तै ४३ प्रजातिका माछा, १० प्रजातिका उभयचर, ४२ प्रजातिका सरीसृप र ३२ प्रजातिका स्तनधारी जनावर पाइने उल्लेख छ । विश्वमै दुर्लभ जन्तु पानीबिरालो र ८ प्रजातिका चरा पनि तालमा पाइन्छन् । चराका लागि महत्वपूर्ण यो ताललाई लुम्बिनी प्रदेश सरकारले तीन वर्षअघि चरा आरक्ष घोषणा गरेको छ । चराका लागि महत्वपूर्ण तालको महत्व घट्न नदिन तालभित्र मानवीय गतिविधि सकेसम्म न्यूनीकरण गर्नुपर्छ । चरा भए मात्रै जगदीशपुर तालको महत्व हुन्छ । तत्काललाई मोटरबोट चलाउन रोकिएको छ, आगामी दिनमा पनि यस्ता गतिविधि रोक्नु नै राम्रो हुन्छ ।

## डेंगु नियन्त्रणका उपायहरू

-झुल लगाएर सुत्ने ।
-लामखुट्टेको टोकाईबाट बच्ने ।
-पानी जम्न नदिने, लामखुट्टे प्रजनन स्थलहरु हटाउने,
- जस्तैः इन्डोर र बाहिरी पानी बेसिनहरु ।
-सबै पानी ट्याङकीहरु सफा गरेर कभर गर्ने ।
-लामो बाहुलाको कपडाले शरीर छोप्ने ।
- घर कोठामा भएका झ्यालको जालीमा भएका प्वालहरू टाल्ने ।
-लामखुट्टे हटाउने औषधी प्रयोग गर्ने ।

अनुरोधकः
स्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.प.)

पृष्ठ ३ बाट क्रमश...

| | | | | |
|---|---|---|---|---|
| ८१ | प्रतापपुर, नवलपरासी | ऋणीको नाम/थरः दुर्गावती चमारिन<br>ठेगानाः सोमनी ७, न.प. (हालःप्रतापपुर ३, नवलपरासी )<br>नागरिकता नं.: २८७३<br>पति/पिताको नामःदुःखी चमार /सुर्यमान चमार<br>बाजे/ससुरा : कतवारु चमार | नाम/थरः दुःखी चमार<br>ठेगानाः सोमनी ७, न.प. (हालःप्रतापपुर ३, नवलपरासी )<br>नागरिकता नं.: ३०३<br>पति/पिताको नामःकतवारु चमार<br>नाताःपति | सामुहिक जमानी |
| ८२ | प्रतापपुर, नवलपरासी | ऋणीको नाम/थरः कमलाकुमारी चौधरी<br>ठेगानाः सोमनी १, नवलपरासी (हालःप्रतापपुर ३, नवलपरासी )<br>नागरिकता नं.: ३६-०१-७०-०८२४३<br>पति/पिताको नामः सत्य नारायण चौधरी /नरेन्द्र गुरौ<br>बाजे/ससुरा : तिलाराज चौधरी | नाम/थरः सत्य नारायण चौधरी<br>ठेगानाःसोमनी १, नवलपरासी<br>नागरिकता नं.: ३६-०१-६८-००३३९<br>पति/पिताको नामःतिलाराज चौधरी<br>नाताःपति | सामुहिक जमानी |
| ८३ | प्रतापपुर, नवलपरासी | ऋणीको नाम/थरः प्रमिलाकुमारी जयसवाल<br>ठेगानाःपजरकट्टी ६, रुपन्देही (हालःवर्दघाट १३, नवलपरासी)<br>नागरिकता नं.: ३७१०१२/२९७०७<br>पति/पिताको नामः संजयराम जायसवाल (कलवार) /सुभाषचन्द्र कलवार<br>बाजे/ससुरा : भगवानराम कलवार | नाम/थरः संजयराम जायसवाल (कलवार)<br>ठेगानाः रामग्राम ६, न.प. (हालःवर्दघाट १३, नवलपरासी)<br>नागरिकता नं.: ८०९९९<br>पति/पिताको नामःभगवान राम कलवार<br>नाताःपति | सामुहिक जमानी |
| ८४ | प्रतापपुर, नवलपरासी | ऋणीको नाम/थरः श्रीमति रम्भावतिदेवी कोहार<br>ठेगानाः सोमनी २, नवलपरासी (हालःप्रतापपुर ३, नवलपरासी )<br>नागरिकता नं.: १३९०<br>पति/पिताको नामः रामलल्लन कोहार /चुल्हाई कोहार<br>बाजे/ससुरा : चोकट कोहार | नाम/थरः रामलल्लन कोहार<br>ठेगानाःप्रतापपुर ३, नवलपरासी<br>नागरिकता नं.: ४९<br>पति/पिताको नामःचोकट कोहार<br>नाताःपति | सामुहिक जमानी |
| ८५ | प्रतापपुर, नवलपरासी | ऋणीको नाम/थरः शैरा खातुन नेसा<br>ठेगानाःप्रतापपुर ५, नवलपरासी (हालःप्रतापपुर ९, नवलपरासी)<br>नागरिकता नं.: ३६-०२-४७/४९<br>पति/पिताको नामःमैनुदिन मिया /फुलवास मिया<br>बाजे/ससुरा : महमद हुसेन मिया | नाम/थरः मैनुदिन मिया<br>ठेगानाःप्रतापपुर ५, नवलपरासी (हालःप्रतापपुर ९, नवलपरासी)<br>नागरिकता नं.: ११/१८००<br>पति/पिताको नामःमहमद हुसेन मिया<br>नाताःपति | सामुहिक जमानी |
| ८६ | प्रतापपुर, नवलपरासी | ऋणीको नाम/थरः सुनिता देवी चौधरी<br>ठेगानाःप्रतापपुर ४, नवलपरासी<br>नागरिकता नं.: ३६३०४९/३७१<br>पति/पिताको नामः राजु प्रसाद चौधरी /रामचन्द्र थारु<br>बाजे/ससुरा : ध्रुवनाथ थारु | नाम/थरः सृजनाकुमारी चौधरी<br>ठेगानाःप्रतापपुर ४, नवलपरासी<br>नागरिकता नं.: ३६-०६-७८-००५५१<br>पति/पिताको नामः राजु प्रसाद चौधरी<br>नाताःछोरी | सामुहिक जमानी |
| ८७ | प्रतापपुर, नवलपरासी | ऋणीको नाम/थरः तिलककुमारी मुसहर<br>ठेगानाः रुपौलिया ४, न.प. (हालः सुस्ता १, नवलपरासी)<br>नागरिकता नं.: ६६२४२<br>पति/पिताको नामःशिवकुमार मुसहर /जगदेव मुसहर<br>बाजे/ससुरा : मगरु मुसहर | नाम/थरः शिवकुमार मुसहर<br>ठेगानाःत्रि.सु. ४, नवलपरासी (हालः सुस्ता १, नवलपरासी)<br>नागरिकता नं.: ५५५१२<br>पति/पिताको नामः मगरु मुसहर<br>नाताःपति | सामुहिक जमानी |
| ८८ | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः कमला गुरुङ<br>ठेगानाःलुम्बिनी साँस्कृतिक २, रुपन्देही<br>नागरिकता नं.: ४८८७६<br>पति/पिताको नामःवीर वहादुर खत्री/ मन बहादुर गुरुङ<br>बाजे/ससुरा : नर वहादुर खत्री | नाम/थरः वीर वहादुर खत्री<br>ठेगानाःबुटवल ९,रुपन्देही (हालः रामग्राम १४, नवलपरासी )<br>नागरिकता नं.: ५०२४<br>पति/पिताको नामः नर वहादुर खत्री<br>नाताःपति | सामुहिक जमानी |
| ८९ | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः अप्सारा देवी चौधरी<br>ठेगानाः अमरौट ५, नवलपरासी (हालः रामग्राम १४, नवलपरासी )<br>नागरिकता नं.: ३६३०७३/४७५<br>पति/पिताको नामःभुवनेश्वर चौधरी/ इश्वरी चौधरी<br>बाजे/ससुरा : पारसनाथ थारु | नाम/थरः भुवनेश्वर चौधरी<br>ठेगानाः अमरौट ९, नवलपरासी<br>नागरिकता नं.: ७४७५०<br>पति/पिताको नामःपारसनाथ थारु<br>नाताःपति | सामुहिक जमानी |
| ९० | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः गिता वि.क.<br>ठेगानाः स्वाँठी ५, नवलपरासी (हालः सुनवल ५,नवलपरासी)<br>नागरिकता नं.: ३६-०१-७०-१४९०५<br>पति/पिताको नामःगोविन्द वि.क./ दल बहादुर विश्वकर्मा<br>बाजे/ससुरा : नन्दकुमार वि.क. | नाम/थरः रिजलवि.क.<br>ठेगानाः सुनवल ५,नवलपरासी<br>नागरिकता नं.: ३६-०१-७९-०३६६५<br>पति/पिताको नामःगोविन्द वि.क.<br>नाताःछोरा | सामुहिक जमानी |
| ९१ | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः कमलादेवी राना<br>ठेगानाः स्वाँठी ५, नवलपरासी (हालः सुनवल ५,नवलपरासी)<br>नागरिकता नं.: २/१२३०<br>पति/पिताको नामःपूर्ण वहादुर राना/ दुर्गा बहादुर थापा<br>बाजे/ससुरा : वल बहादुर राना | नाम/थरः निर्मला राना<br>ठेगानाः सुनवल ५,नवलपरासी<br>नागरिकता नं.: ३६-०१-६९-०६९६७<br>पति/पिताको नामःगंगा बहादुर राना/सोप बहादुर मगर<br>नाताःबुहारी | सामुहिक जमानी |
| ९२) | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः मैना क्षेत्री<br>ठेगानाः सुनवल ५,नवलपरासी<br>नागरिकता नं.: ३६-०१-७४-०४५७०<br>पति/पिताको नामः मन बहादुर क्षेत्री/ खडक बहादुर गुरुङ<br>बाजे/ससुरा : टेक बहादुर क्षेत्री | नाम/थरः सजल गुरुङ्ग क्षेत्री<br>ठेगानाः सुनवल ५,नवलपरासी<br>नागरिकता नं.: ३६-०१-७६-०१०५९<br>पति/पिताको नामःविकास क्षेत्री/तेज बहादुर गुरुङ्ग<br>नाताःबुहारी | सामुहिक जमानी |
| ९३ | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः निशा खवास<br>ठेगानाः रामग्राम १४, नवलपरासी<br>नागरिकता नं.: ३६-०१-७४-०६७१३<br>पति/पिताको नामःअकाश खवास/तोप बहादुर खवास<br>बाजे/ससुरा : उत्तम प्रसाद खवास | नाम/थरः अकाश खवास<br>ठेगानाः अमरोट ९, नवलपरासी (हालः रामग्राम १४, नवलपरासी )<br>नागरिकता नं.: ३६-०१-७३-०६०३०<br>पति/पिताको नामःउत्तम प्रसाद खवास<br>नाताःपति | सामुहिक जमानी |
| ९४ | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः सविता विश्वकर्मा<br>ठेगानाः सुनवल १, नवलपरासी<br>नागरिकता नं.: ३६-०१-७४-००१६०<br>पति/पिताको नामः सुरज वि.क./ परशुराम विश्वकर्मा<br>बाजे/ससुरा : रत्नलाल वि.क. | नाम/थरः रत्नलाल विश्वकर्मा<br>ठेगानाःमाकर १, नवलपरासी (हालः सुनवल १, नवलपरासी )<br>नागरिकता नं.: ४/११७९<br>पति/पिताको नामःबुद्ध विश्वकर्मा (पिता)<br>नाताः ससुरा | सामुहिक जमानी |
| ९५ | सुनवल, नवलपरासी | ऋणीको नाम/थरः शकुन्तलाकुमारी बनिया<br>ठेगानाः स्वाँठी २, नवलपरासी (हालः सुनवल २, नवलपरासी)<br>नागरिकता नं.: ३६-०१-७०-१३५१५<br>पति/पिताको नामःअमारी बनिया / गरजु बनिया<br>बाजे/ससुरा : भोनु वनिया | नाम/थरः अमारी वनिया<br>ठेगानाः स्वाँठी २, नवलपरासी<br>नागरिकता नं.: ७७९२६<br>पति/पिताको नामःभोनु वनिया<br>नाताःपति | सामुहिक जमानी |
| ९६ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः भिम नारायण थारु<br>ठेगानाःगंगोलिया ५, रुपन्देही (हालःतिलोत्तमा १७, रुपन्देही)<br>नागरिकता नं.: ७९०३<br>पत्नि/पिताको नामःदेवकुमारी थरुनी (पत्नी)/नाथु थारु<br>बाजे/ससुरा : सुखराम थारु | नाम/थरः देवकुमारी थरुनी<br>ठेगानाःगंगोलिया ५, रुपन्देही<br>नागरिकता नं.: ३७३०१५/३०६<br>पति/पिताको नामः भिम नारायण थारु /चिनका थारु<br>नाताःपत्नी | सामुहिक जमानी |
| ९७ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः गोपाल प्रसाद थारु<br>ठेगानाःगंगोलिया ५, रुपन्देही (हालःतिलोत्तमा १७, रुपन्देही)<br>नागरिकता नं.: ३७१०१५/४८५३३<br>पत्नि/पिताको नामः संगिता चौधरी /हेम प्रसाद थारु<br>बाजे/ससुरा : प्रशुराम थारु | नाम/थरः संगिता चौधरी<br>ठेगानाःतिलोत्तमा १७, रुपन्देही<br>नागरिकता नं.: ३७१००१/२३२६४<br>पति/पिताको नामःगोपाल प्रसाद थारु/गया प्रसाद थारु<br>नाताःपत्नी | सामुहिक जमानी |
| ९८ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः मनोज थारु .<br>ठेगानाःतिलोत्तमा २४, रुपन्देही (हालःतिलोत्तमा १७, रुपन्देही)<br>नागरिकता नं.: ३७-०१-७२-०५९२६<br>पत्नि/पिताको नामःगंगा चौधरी/ भिम नारायण थारु<br>बाजे/ससुरा : नाथु थारु | नाम/थरः गंगा चौधरी<br>ठेगानाःतिलोत्तमा १७, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७६-१२०४४<br>पति/पिताको नामःमनोज थारु /श्रवनकुमार थारु<br>नाताःपत्नी | सामुहिक जमानी |
| ९९ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः औरुननिसा<br>ठेगानाःछिपागढ ७, रुपन्देही (हालःदेवदह १२, रुपन्देही)<br>नागरिकता नं.: ३७३००८/४३९<br>पति/पिताको नामःसद्दाम हुसेन/हदिश धुनिया<br>बाजे/ससुरा : इस्लाम अलि | नाम/थरः सद्दाम हुसेन<br>ठेगानाःबसन्तपुर ३, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७०-११०६८<br>पति/पिताको नामःइस्लाम अलि<br>नाताःपति | सामुहिक जमानी |
| १०० | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः खिममाया गुरुङ्ग .<br>ठेगानाःसुनवल७, नवलपरासी<br>नागरिकता नं.: ३६३०३९/१७९६<br>पति/पिताको नामःतिल बहादुर थापा/ ठग बहादुर गुरुङ्ग<br>बाजे/ससुरा : टेक बहादुर अस्लामी | नाम/थरः कुमार गुरुङ्ग<br>ठेगानाःतिलोत्तमा १२, रुपन्देही (हाल :सुनवल७, नवलपरासी)<br>नागरिकता नं.: ३७-०१-७६-००७५९<br>पति/पिताको नामःखेमबहादुर गुरुङ्ग<br>नाताःछोरा | सामुहिक जमानी |
| १०१ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः मालती मुसेहर .<br>ठेगानाःतिलोत्तमा२३, रुपन्देही(हालःतिलोत्तमा १७, रुपन्देही)<br>नागरिकता नं.: ३७-०१-७२-०७५२१<br>पति/पिताको नामःमन बहादुर मुसहर/ गुरुचरन मुसहर<br>बाजे/ससुरा : गर्भ मुसहर | नाम/थरः मन बहादुर मुसेहर<br>ठेगानाःगंगोलिया १, रुपन्देही(हालःतिलोत्तमा १७, रुपन्देही)<br>नागरिकता नं.: ३७३०१५/३८१<br>पति/पिताको नामःगर्भ मुसहर<br>नाताःपति | सामुहिक जमानी |
| १०२ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः कमला काफ्ले<br>ठेगानाः केरवानी ४, रुपन्देही (हालः देवदह २, रुपन्देही)<br>नागरिकता नं.: ३७३००२/१३२<br>पति/पिताको नामः केदारनाथ काफ्ले/शंभु खत्री<br>बाजे/ससुरा : बाल कृष्ण काफ्ले | नाम/थरः आयुष्मान काफ्ले<br>ठेगानाःदेवदह २, रुपन्देही<br>नागरिकता नं.:३७-०२-७९-०१५६५<br>पति/पिताको नामः केदारनाथ काफ्ले<br>नाताःछोरा | सामुहिक जमानी |
| १०३ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः तारा तिवारी<br>ठेगानाःदेवदह५, रुपन्देही<br>नागरिकता नं.: ३७३००३/१६२४<br>पति/पिताको नामःआनन्द तिवारी/ज्योती प्रसाद खनाल<br>बाजे/ससुरा : खडानन्द तिवारी | नाम/थरः आनन्द तिवारी<br>ठेगानाःवेगनाश १, कास्की (हाल : देवदह५, रुपन्देही<br>नागरिकता नं.: ३११४<br>पति/पिताको नामःखडानन्द तिवारी<br>नाताःपति | सामुहिक जमानी |
| १०४ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः बोधबहादुर पौडेल<br>ठेगानाःधनुवासलय ७, स्याङ्जा ( हालः देवदह १, रुपन्देही )<br>नागरिकता नं.: ५७७४<br>पत्नि/पिताको नामःधना पौडेल/ नवलाल पौडेल<br>बाजे/ससुरा : हिकबहादुर क्षेत्री (ससुरा ) | नाम/थरः धना पौडेल<br>ठेगानाः केरवानी २, रुपन्देही ( हालः देवदह १, रुपन्देही )<br>नागरिकता नं.: ३७-०१-६९-०४८१३<br>पति/पिताको नामःबोधबहादुर पौडेल /हिकबहादुर क्षेत्री<br>नाताःपत्नी | सामुहिक जमानी |
| १०५ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः धनमाया गुरुङ्ग<br>ठेगानाः सुनवल ३, रुपन्देही (हालः सुनवल७, रुपन्देही )<br>नागरिकता नं.: २२०७६<br>पति/पिताको नामःठमबहादुर गुरुङ्ग/पदमबहादुर गुरुङ्ग<br>बाजे/ससुरा : रन बहादुर गुरुङ | नाम/थरः कुमार गुरुङ्ग<br>ठेगानाःतिलोत्तमा १२, रुपन्देही (हालः सुनवल७, रुपन्देही )<br>नागरिकता नं.: ३७-०१-७६-००७५९<br>पति/पिताको नामःखेमबहादुर गुरुङ्ग<br>नाताःनाती | सामुहिक जमानी |
| १०६ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः शान्तबहादुर दर्जि<br>ठेगानाःमक्रहर १, रुपन्देही<br>नागरिकता नं.: १/१८२७९<br>पत्नि/पिताको नामःबिमला दर्जी/ दिलबहादुर दर्जि<br>बाजे/ससुरा : भौते दर्जि | नाम/थरः अम्वर दर्जि<br>ठेगानाःतिलोत्तमा १०, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-८०-०९८४०<br>पति/पिताको नामःशान्तबहादुर दर्जि<br>नाताःछोरा | सामुहिक जमानी |
| १०७ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः शारदा हरिजन<br>ठेगानाःमक्रहर १, रुपन्देही (हालःतिलोत्तमा १०, रुपन्देही)<br>नागरिकता नं.: १८९०६<br>पति/पिताको नामःलोरिक हरिजन/ रामनाथ चमार<br>बाजे/ससुरा : स्व. चन्द्रिका चमार | नाम/थरः लोरिक हरिजन<br>ठेगानाःमक्रहर १, रुपन्देही<br>नागरिकता नं.: १८६३९<br>पति/पिताको नामः स्व. चन्द्रिका चमार<br>नाताःपति | सामुहिक जमानी |
| १०८ | कान्छीबजार, रुपन्देही | ऋणीको नाम/थरः सीता पौडेल<br>ठेगानाः केरवानी ४, रुपन्देही (हालः देवदह १, रुपन्देही)<br>नागरिकता नं.: २११८६<br>पति/पिताको नामःमोहनपौडेल/ वदुलाल सापकोटा<br>बाजे/ससुरा : जयलाल पौडेल | नाम/थरः मोहन पौडेल<br>ठेगानाः केरवानी ४, रुपन्देही (हालः देवदह १, रुपन्देही)<br>नागरिकता नं.: ८७३८<br>पति/पिताको नामःजयलाल पोडेल<br>नाताःपति | सामुहिक जमानी |
| १०९ | चिसापानी, नवलपरासी | ऋणीको नाम/थरः टोकक़ुमारी चौधरी<br>ठेगानाःजहदा ५, न.प. (हालःबर्दघाट १२, नवलपरासी )<br>नागरिकता नं.: ३६३०६१/७०२<br>पति/पिताको नामःनाथु चौधरी/मंगल थारु<br>बाजे/ससुरा : वीर वहादुर थारु | नाम/थरः नाथु चौधरी<br>ठेगानाःजहदा ५, नवलपरासी (हालः बर्दघाट १२, नवलपरासी )<br>नागरिकता नं.: ५७०२९<br>पति/पिताको नामःवीर वहादुर थारु<br>नाताःपति | सामुहिक जमानी |
| ११० | डुमरा, कपिलवस्तु | ऋणीको नाम/थरः अमेरिका कुर्मी<br>ठेगानाःचनई ४, कपिलवस्तु (हालःशिवराज ४, कपिलवस्तु )<br>नागरिकता नं.: ३८३०६०/३७६<br>पति/पिताको नामः राजाराम कुर्मी/सन्तराम कुर्मी<br>बाजे/ससुरा : साधु कुर्मी | नाम/थरः राजाराम कुर्मी<br>ठेगानाःचनई ४, कपिलवस्तु (हालःशिवराज ४, कपिलवस्तु )<br>नागरिकता नं.: ३८१४<br>पति/पिताको नामः साधु कुर्मी (पिता)<br>नाताःपति | सामुहिक जमानी |
| १११ | पर्सा, रुपन्देही | ऋणीको नाम/थरः भानमती हरिजन<br>ठेगानाःलुम्बिनी साँस्कृतिक ४, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७७-०८९०४<br>पति/पिताको नामः सदई चमार/तुफानी चमार<br>बाजे/ससुरा : हरि चमार | नाम/थरः सदई चमार<br>ठेगानाःलुम्बिनी साँस्कृतिक ८, रुपन्देही (हाल : लुम्बिनी साँस्कृतिक ४, रुपन्देही<br>नागरिकता नं.: ४५४<br>पति/पिताको नामः हरि चमार<br>नाताःपति | सामुहिक जमानी |
| ११२) | पर्सा, रुपन्देही | ऋणीको नाम/थरः चन्द्रावती लोध<br>ठेगानाःलुम्बिनी साँस्कृतिक १२, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७६-०८५३५<br>पति/पिताको नामः सल्टु लोध/जयश्री लोध<br>बाजे/ससुरा : कल्लु लोध | नाम/थरः सल्टु लोध<br>ठेगानाःलुम्बिनी साँस्कृतिक १२, रुपन्देही<br>नागरिकता नं.: ४/४१७९<br>पति/पिताको नामःकल्लु लोध<br>नाताःपति | सामुहिक जमानी |
| ११३ | फर्साटिकर, रुपन्देही | ऋणीको नाम/थरः श्रीमतिलुदी दंगोरिया थरुनी<br>ठेगानाःआ. सेमलार ३, रुपन्देही (हालःबुटवल १९, रुपन्देही )<br>नागरिकता नं.: २/२६८१<br>पति/पिताको नामःश्री दासु दंगोरिया थारु/श्री प्रधान थारु<br>बाजे/ससुरा : श्री कोदई दंगोरिया थारु | नाम/थरः श्री दासु दंगोरिया थारु<br>ठेगानाःआ. सेमलार ३, रुपन्देही (हालःबुटवल १९, रुपन्देही )<br>नागरिकता नं.: २/२५७५<br>पति/पिताको नामःश्री कोदई दंगोरिया थारु<br>नाताःपति | सामुहिक जमानी |
| ११४ | फर्साटिकर, रुपन्देही | ऋणीको नाम/थरः तारामति कुमारी लोहार<br>ठेगानाःहर्नैया २, रुपन्देही (हालःसियारी ३, रुपन्देही )<br>नागरिकता नं.: ३७-०२-७१-०६९५०<br>पति/पिताको नामः संतराम विश्वकर्मा/कोईल लोहार<br>बाजे/ससुरा : सिताराम लोहार | नाम/थरः सन्तराम विश्वकर्मा<br>ठेगानाःहर्नैया २, रुपन्देही (हालःसियारी ३, रुपन्देही )<br>नागरिकता नं.: ११०४२<br>पति/पिताको नामःसिताराम लोहार<br>नाताःपति | सामुहिक जमानी |
| ११५ | खैरी, बर्दिया | ऋणीको नाम/थरः यसोदा यादव<br>ठेगानाःगुलरिया ९, बर्दिया<br>नागरिकता नं.: ६५-०१-७४-१०८१५<br>पति/पिताको नामः राम स्वरुप यादव /ढोडे अहिर<br>बाजे/ससुरा : परसु राम अहिर | नाम/थरः राम स्वरुप यादव<br>ठेगानाःगुलरिया ९, बर्दिया<br>नागरिकता नं.: ६५३००१/२७८५<br>पति/पिताको नामः परसु राम अहिर (पिता)<br>नाताःपति | सामुहिक जमानी |
| ११६ | खैरी, बर्दिया | ऋणीको नाम/थरः रेशमा बेगम हलवाई<br>ठेगानाःगुलरिया ८, बर्दिया (हालःगुलरिया ६, बर्दिया )<br>नागरिकता नं.: ६५-०१-६९-०१९६३<br>पति/पिताको नामः रफिक अहमद /पुतनलाल हलवाई<br>बाजे/ससुरा : रसिक अहमद | नाम/थरः रफिक अहमद<br>ठेगानाःगुलरिया ८, बर्दिया (हालःगुलरिया ६, बर्दिया )<br>नागरिकता नं.: ६५३००१/९४२<br>पति/पिताको नामः रसिक अहमद<br>नाताःपति | सामुहिक जमानी |
| ११७ | रानिबगिया, रुपन्देही | ऋणीको नाम/थरः कोपीला कामी<br>ठेगानाःजगत्रदेवी ६, स्याङ्जा (हालःबुटवल १२, रुपन्देही )<br>नागरिकता नं.: ४२३०२८/५४४<br>पति/पिताको नामःदिलवहादुर कामी/दण्डपाणी सुनार<br>बाजे/ससुरा : खडकवहादुर कामी | नाम/थरः दिलबहादुर कामी<br>ठेगानाःजगत्रदेवी ६, स्याङ्जा (हालःबुटवल १२, रुपन्देही )<br>नागरिकता नं.: २६७०<br>पति/पिताको नामःखडकबहादुर कामी<br>नाताःपति | सामुहिक जमानी |
| ११८ | रानिबगिया, रुपन्देही | ऋणीको नाम/थरः पार्वती रेग्मी<br>ठेगानाःअर्खवाङ ९ गुल्मी (हालः सैनामैना १, रुपन्देही )<br>नागरिकता नं.: ४११०५६/८२०७६<br>पति/पिताको नामःनविनचन्द्र रेग्मी / चन्द्रे रेग्मी<br>बाजे/ससुरा : गोपीराम रेग्मी | नाम/थरः नविनचन्द्र रेग्मी<br>ठेगानाःअर्खवाङ ९ गुल्मी (हालः सैनामैना १, रुपन्देही )<br>नागरिकता नं.: ४८१०६<br>पति/पिताको नामःगोपीराम रेग्मी<br>नाताःपति | सामुहिक जमानी |
| ११९ | बहादुरगंज, कपिलवस्तु | ऋणीको नाम/थरः आरती गुप्ता<br>ठेगानाःबहादुरगंज २, क.व. (हालःकृष्णनगर ८, कपिलवस्तु )<br>नागरिकता नं.: ३८३०६५/४५३<br>पति/पिताको नामःकृष्णकुमार गुप्ता /श्री चन्द गुप्ता<br>बाजे/ससुरा : विष्णु कुमार कौलापुरी | नाम/थरः कृष्णकुमार गुप्ता कौलापुरी<br>ठेगानाःबहादुरगंज २, क.व. (हालःकृष्णनगर ८, कपिलवस्तु )<br>नागरिकता नं.: १३३५५<br>पति/पिताको नामःविष्णु कुमार कौलापुरी<br>नाताःपति | सामुहिक जमानी |

**स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड**
केन्द्रीय कार्यालय मणिग्राम, रुपन्देही

# राष्ट्रिय फूल लालीगुराँस जोगाउन वृक्षरोपण

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

विश्व वातावरण दिवसको अवसरमा राष्ट्रिय फूल लालीगुराँसको संरक्षण गर्दै वृक्षरोपण गरिएको छ । स्याङ्जाको डिभिजन वन कार्यालयले डडेलो र संरक्षणको अभावमा लालीगुराँस फूलका बोटहरु लोप हुने अवस्था आउन थालेपछि ५२औं विश्व वातावरण दिवसको अवसर पारेर बिरुवाहरु वृक्षरोपण गरेको हो । यो फूल जहाँपायो त्यहाँ नपाइने र धेरै उचाईमा हुने हुँदा यसको संरक्षण गर्ने अभियानमा डिभिजन वन कार्यालय स्याङ्जा लागेको डिभिजन प्रमुख नवराज बरालले जानकारी दिए । 'भावी पुस्ताका लागि पनि यो फूल संरक्षण गर्ने जिम्मेवारी हामीसँग रहेको छ,' डिभिजन प्रमुख बरालले भने-'नेपालको राष्ट्रिय फूल पनि भएकाले स्याङ्जामा लालीगुराँस पार्क नै निर्माण गरेका छौं, जिल्लाको आँधीखोला गाउँपालिका १ पञ्चमुलमा लालीगुराँस हरित पार्क नै बनाएका छौं ।'

जिल्लाका विभिन्न भागमा गरेर ३ सय जति लालीगुराँसका बिरुवा वृक्षरोपण गरिएको बरालको भनाइ छ । लालीगुराँस हरित पार्कमा स्याङ्जाका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालको विशेष उपस्थितिमा लालीगुराँससहित विभिन्न फूलहरु वृक्षरोपण गरिएको बराले बताए । विश्व वातावरण दिवसलाई सफल बनाउन डिभिजन वन कार्यालय स्याङ्जाले प्रजिअसहित जिल्ला प्रहरी कार्यालयका प्रमुख दधीराम न्यौपाने, राष्ट्रिय अनुसन्धानका प्रमुख सुशान्त बराललगायत सुरक्षा समितिका प्रमुखहरु, उपभोक्ता मञ्चमा अध्यक्ष राजेन्द्र मरासिनी, वडा अध्यक्ष पवनकाजी अधिकारीसहित स्थानीय उपभोक्ता समूह, कर्मचारीहरुको सहभागितामा वृक्षरोपण गरेको छ । सोही अवसरमा आँधीखोला र फेदिखोला सव डिभिजन कार्यालय परिषरमा समेत वृक्षरोपण गरिएको कार्यालय प्रमुख बरालले बताए ।

लालीगुराँस पार्कमा वीरेन्द्र, कल्की, पारिजातलगायतका फूलका बिरुवाहरु वृक्षरोपण गरिएको छ । पछिल्लो समय वातावरण प्रतिकुल भएको अवस्थामा यस्ता वृक्षरोपणले हाम्रो वातावरणलाई राम्रो बनाउने विश्वास प्रजिअ अर्यालले गरे । वातावरण जोगाइराख्न सबै सरोकारवाला निकायहरु सक्रिय हुनुपर्ने बेला आएको भन्दै प्रजिअ अर्यालले वातावरण प्रदूषण बढ्ने खालका सामग्रीहरु प्रयोग नगर्न समेत सुझाए ।

यसैबिच भीरकोट नगरपालिकास्थित बालोदय आवसीय माविले प्लेकार्डसहित सचेतनामूलक र्‍याली निकालेर विश्व वातावरण दिवस मनाएको छ । वातावरण संरक्षणमा सबैले ध्यान दिऔं, वृक्षरोपण गरौं, प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहोर नफ्याकौंलगायतका नारा लेखिएको प्लेकार्ड बोकेर विद्यार्थीहरुले र्‍यालीमार्फत् विश्व वातावरण दिवसमा सन्देश दिएको प्रिन्सिपल अमृत अर्यालले जानकारी दिए । जिल्लाका स्थानीयतहहरु विश्व वातावरण दिवसमा बेखबर भएका बेला निजी विद्यालय स्तरबाट आयोजना गरिएको सन्देशमुलक र्‍यालीले महत्वपूर्ण भूमिका खेलेको प्रिन्सिपल अर्यालले बताए । डिभिजन वन कार्यालय स्याङ्जाले बाहेक जिल्लामा कुनै पनि पालिकाहरुले विश्व वातावरण दिवस मनाएनन् ।

## बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र/सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित मितिः ०८२।२।२३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र ६० तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम नगरका विभिन्न हाटबजार हरुबाट बैठकी कर, बर्दघाट बसपार्क क्षेत्रबाट पार्किङ्ग शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर समेतको आ.व.०८२/०८३ को १ वर्षको लागि ठेक्का बन्दोवस्त गर्न मिति ०८२/१/२७ को नगरकार्यपालिका बैठकको निर्णयअनुसार नगरसभाबाट स्वीकृत दररेट बमोजिम आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक कम्पनी वा फर्मको इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०८०/०८१ आय कर चुक्ताको प्रमाण संलग्न राखी WWW.bolpatra.gov.np/egp मार्फत् विद्युतिय बोलपत्र (E–Bidding) मार्फत सिलबन्दी बोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| आय ठेक्का नं | आय ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट सहित) | ठेक्का अवधि | बोलपत्र दस्तुर | धरौटी रकम रु | कै |
|---|---|---|---|---|---|---|
| १/०८१/०८२ | मंगलबार पाडा बजार तथा लोडिङ्ग समेत बर्दघाट- १३, जमुनिया | ८२,२१,३७८।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ४,११,०६९।०० | |
| २/०८१/०८२ | कवाडी कर (उत्पादन तथा निकाशी) | २१,४७,०००।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | १,०७,३५०।०० | |
| ३/०८१/०८२ | आइतबारे साप्ताहिक हाटबजार बर्दघाट-९, भुताहा(शौचालय समेत) | १२,४०,७४०।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ६२,०३७।०० | |
| ४/०८१/०८२ | शुक्रबारे साप्ताहिक हाटबजार बर्दघाट-४, बर्दघाट (शौचालय समेत) | ९,९५,५३०।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ४९,७७७।०० | |
| ५/०८१/०८२ | भटौलिया हाटबजार, शनिबार बुधबार, बर्दघाट-१२, (शौचालय समेत) | ८,७८,६६०।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ४३,९३३।०० | |
| ६/०८१/०८२ | सोमबारे हाटबजार माकर, १ | ४,७६,८३०।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | २३,८४२।०० | |
| ७/०८१/०८२ | आइतबारे हाटबजार, बर्दघाट, १४ | २,५१,००६।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | १२,५५०।०० | |
| ८/०८१/०८२ | शनिबारे हाटबजार बर्दघाट, १४ | ५,०५,५५५।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | २५,२७८।०० | |
| ९/०८१/०८२ | बुधबारे हाटबजार, बर्दघाट, २ चिसापानी (शौचालय समेत) | ११,९८,९३०।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ५९,९४७।०० | |
| १०/०८१/०८२ | बसपार्क पार्किङ्ग शुल्क, वडा नं ४ (शौचालय समेत) | १६,१६,६६६।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ८०,८३४।०० | |
| ११/०८१/०८२ | बुधबारे हाटबजार, बर्दघाट १५ | ९६,६७८।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ४,८३४।०० | |
| १२/०८१/०८२ | बिहिबारे साप्ताहिक हाटबजार बाढीपीडित | १,४२,०००।०० | ०८२ श्रावण १ देखि ०८३ आषाढ मसान्त | ३००० | ७,१००।०० | |

नोटः ठेक्काका शर्तहरु लगायत अन्य विषयहरु बर्दघाट नगरपालिकाको वेवसाइट https://bardaghatmun.gov.np/ मार्फत् सार्वजनिक गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# सरोकारवालालाई मनसुन पूर्व तयारीमा लाग्न आग्रह

नवलपरासी । जिल्ला विपद् व्यवस्थापन समितिले सबै सरोकारवालालाई मनसुन पूर्व तयारीमा लाग्न आग्रह गरेको छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ लाई समेत स्वीकृत गरेको छ।

विपद् व्यवस्थापन समितिबाट तयार गरेको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१ लाई अद्यावधिक गरी तर्जुमा गरिएको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ लाई बैठकले स्वीकृत गरेको हो ।

बैठकले जेठदेखि असोज १४ गतेसम्मको चार महिनाको मनसुन ऋतुमा देशमा अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको साथै अधिकतम तापक्रम र न्यूनतम तापक्रम समेत देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको हुँदा सबै स्थानीय तहहरुले मनसुनजन्य विपद्बाट प्रभावित र विस्थापित हुन सक्ने नागरिकलाई सुरक्षित साथ राख्न सक्ने स्थानहरुको अविलम्ब पहिचान गरी राख्न बैठकले निर्णय गरेको प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बताए।

उनका अनुसार मनसुनको समयमा राष्ट्रिय राजमार्ग अवरुद्ध हुन सक्ने भएकाले एक घण्टाभित्र राजमार्ग सुचारु गर्न डिभिजन सडक कार्यालय, बुटवल-नारायणगढ सडक स्तरोन्नति आयोजना, र हुलाकी राजमार्ग आयोजना बर्दघाटलगायतका सम्बन्धित निकायहरु तयारी अवस्थामा रहन जिल्ला विपद् व्यवस्थापन समितिले आग्रह गरेको छ।

मनसूनको समयमा नवलपरासी पश्चिम जिल्लास्थित गण्डक नहरहरुमा समेत अत्याधिक बाढी आउने र नहर तथा बाँधहरु भत्कन सक्ने जोखिमलाई मध्यनजर गरी नेपाल गण्डक पश्चिम नहर सिँचाइ व्यवस्थापन डिभिजनले विशेष सतर्कता अपनाउने । ११. आ.व. ०८१।०८२ मा गृह मन्त्रालयको स्वीकृत मापदण्डअनुसार प्रकोपमा परेका यस जिल्लाका ८ जना पीडित परिवारहरुलाई जम्मा रु. ५३०००। राहत रकम उपलब्ध गराएको हुँदा सो रकम अनुमोदन गर्ने निर्णय गरिएको छ।

सरकारले यस वर्ष २०८२ को मनसुन अवधिमा देशभर ४ लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसंख्या प्रभावित हुने आँकलन गरेको छ। सबैभन्दा धेरै जनसंख्या लुम्बिनी प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा प्रभावित हुने आँकलन छ। जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनमा गरेको वर्षाको प्रक्षेपणलाई समेत आधार मानेर राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यो आँकलन गरेको हो । विभागले देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने आँकलन गरेको छ। त्यसमध्ये पनि सबैभन्दा बढी वर्षा गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा हुने विभागको प्रक्षेपण छ।

सोही प्रक्षेपणको आधारमा प्राधिकरणले लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै ५ लाख २३ हजार ६५६ जनसंख्या प्रभावित हुने आँकलन गरिएको छ। लुम्बिनीमा १ लाख १९ हजार ८३० घरधुरी प्रभावित हुने अनुमान छ।

**नवलपरासी पश्चिममा जोखिमको वर्गीकरण**

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा रहेका स्थानीय तहहरुलाई उपलब्ध स्रोत सामाग्री एवं तथ्यांकहरुको विश्लेषण गरी बाढीको जोखिमको आधारमा निम्नानुसार स्तरीकरण गरिएको छ।

जिल्लामा अति उच्च संकटासन्न अवस्थामा रहेका गाउँपालिका तथा नगरपालिकाका वडाहरुमा सरावल गाउँपालिकाका वडा नं. ६ र ७ सुस्ता गाउँपालिकाका ३, ४ र ५, प्रतापपुर गाउँपालिकाका ३ ६ र ८ पाल्हीनन्दन गाउँ पालिकाका वडा नं. १, २ ३ र ६ बर्दघाट नगरपालिका वडा नं.१३ र १५ रामग्राम नगरपालिका वडा नं. १, २, ३, ५, ६, १७ र १८ वडाहरु उच्च जोखीममा रहेको बताइएको छ।


**श्री नागबेली बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेड**
**भैसी पालन दूध उत्पादन तथा बजारीकरण उप–आयोजना कार्यान्वयन समिति**
प्यूठान न.पा. ३, जुम्री, प्यूठान
उप-आयोजना संकेत नं.: BUT-549494-0001

## बोलपत्र आह्वानको सूचना

दोस्रो पटक सचूना प्रकाशन मिति : २०८२/०२/२३
बोलपत्रनं. NMACOL/G/NCB/02/2081-82

ग्रामिण उद्यम तथा आर्थिक मिकास आयोजना, आर्थिक कोरिडोर कार्यालय बुटवलको सहयोगमा यस उत्पादक संस्थाले स्टार्ट-अप अनुदान कार्यक्रम अन्तरगत प्यूठान न.पा.-३, जम्री, प्यूठान स्थित भैंसी पालन दूध उत्पादन तथा बजारीकरण उप-आयोजना संचालनका लागि तपसिल बमोजिमको खरीद कार्य बोलपत्र विधिबाट खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाज प्राप्त इच्छुक नेपाली बोलपत्रदाताका लागि निम्न उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वको बोलपत्र आह्वान गरिन्छ।

**शर्तहरु**

१. मु.अ.करमा दर्ता भएका बोलपत्रदाताहरुले यस उप-आयोजनाको कार्यालयबाट रु.३००० तिरी अथवा सहकरीको खातामा जम्मा गरेको भौचर पेस गरि मिति २०८२/०२/२९ गते १७:०० बजेसम्म बोलपत्र खरिद गर्न सक्नेछन्।
२. बोलपत्र यस उप-आयोजनाको कार्यालयमा मिति २०८२/०२/३० गते ११:०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ।
३. दर्ता हुन आएका बोलपत्र बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा यस उप-आयोजनाको कार्यालयमा मिति २०८२/०२/३० गते १२:०० बजे खोलिनेछ। बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. बोलपत्रसाथ धरौटी बापतको रकम सिद्धार्थ बैंक लिमिटेड, प्यूठान शाखामा यस समूहको नामका रहेको खाता नं.५५५०५६०४८४२ मा जम्मा गरेको सक्कल भौचिर वा मान्यता प्राप्त बैंकबाट सो रकम बराबरको बोलपत्र पेश गने अन्तिम मितिबाट कम्तिमा १२० दिनको म्याद भएको बैंक ग्यारेण्टीको सक्कलप्रति संलग्न गरी यस उप-आयोजनाको कार्यालयमा पेश गर्नु पर्नेछ।
५. यस सम्बन्धमा थप जानकारी प्राप्त गर्न एवम् बोलपत्र सम्बन्धी कागजातको लागि उप-आयोजना कार्यान्वयन समितिमा (फोन नं ९८४७८३९०४२)मा सम्पर्क गर्न सकिनेछ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| सि.नं | बोल पत्र नं. | कामको विवरण | बोलपत्र जमानत रकम रु | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|
| १ | NMACOL/G/NCB/ 02/2081/082 | मोटरसहित चयाफ कटि खरिद (२१ ओटा), मिनी टिलर खरीद (१० ओटा), दाना मिल (२० ओटा), मिल्क एनालाईजर (१ ओटा), मिल्क चिलिगं भ्याट (१ ओटा) | ८३,७५० | ३००० |

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०१।१७ गते मणिग्रामदेखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम :** रीना शर्मा
**ठेगाना :** तिलात्तमा- रूपन्देही
**बिमालेख नं. :** १५००३८५२२
**सम्पर्क :** ९८०१८२८५४०

## मोटरसाइकल हराएको सूचना

मेरो निम्न विवरण भएको मेटरसाइकल यही मिति २०८२।०२।२१ गते दिउँसो ४:४५ देखि ८:१५ बजेको समयमा बुटवल-९ लुम्बिनी प्रादेशिक अस्पतालको आकाशे पुलदेखि तल पार्किङ् स्थलबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**मोडल, रङ र बनेको साल :** बजाज पल्सर 220, 2024, कालो, रातो
**चेसिस नं. :** MD2A13EXXRCA-80571
**मोटरसाइकल नं.:** लु.प. 01-001 प 4502
**चेसिस नं.** :DKXCRA-16304
**ठेगाना :** गुल्मी छत्रकोट-४, हाल बुटवल-११ देवीनगर, रूपन्देही
**सम्पर्क नं.:** ९८६७१७९७६५

**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बुटवल, रुपन्देही

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८२/०२/२३ गते)

यस नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८२।०१।१९ गतेको राष्ट्रिय नागरिक दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना बमोजिम e-GP प्रणाली मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको ठेक्कामा देहायको बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकाले बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली,(संशोधित) २०७७ को नियम ३७ (५) तथा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव स्वीकृत हुने बोलपत्रदाताको नाम, ठेगाना |
|---|---|---|---|
| १ | 48/081-82/BSMC/ Works/NCB | बुटवल उपमहानगरपालिकाका बाँकी विभिन्न स्थानमा विज्ञापन डिस्प्ले र हाइमास्ट लाईट आपूर्ति तथा जडान कार्य। | १. श्री त्रिसन्ध्या- मार्क जे.भी., काठमाडौं। |

आर्थिक प्रस्ताव खोल्ने मिति : २०८२।०२।३० गते दिनको १.०० वजे।
स्थान : बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय,बुटवल

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**Local Government**
**RAMGRAM MUNICIPALITY**
**OFFICE OF MUNICIPAL EXECUTIVE**
**RAMGRAM, NAWALPARASI**
**Lumbini Province , Nepal**

## Invitation for Bids–(E-bidding only)

**Date of publication 6th June, 2025 A.D**

- **Ramgram Municipality Office of Municipal Executive, Ramgram, Nawalparasi** invites **E-bidding only** from eligible and qualified bidders for the Procurement of the following Projects.

| Contract no. | Name of Project | Bid Security Amount, NRs. | Annual Turnover (NRs.) | Bid Fee | Remarks |
|---|---|---|---|---|---|
| RAM/QF /081/082/38 | Prasasanik Bhawan Nirman, Ramgram 05 | 21,75,000.00/- | 6,53,00,000.00 | 5,000.00/- | NCB |

- Eligible bidders must visit PPMO website www.bolpatra.gov.np/egp.to obtain further information and inspect the bidding documents .

## ECHS कार्ड हराएको सूचना

मेरो निम्न व्यहोरा भएको ECSH कार्ड बुटवलबाट भैरहवा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न फोन नं. मा सम्पर्क गरिदिनु होला।

**नाम :** धनमाया गुरुङ्ग
**ठेगाना :** तिलोत्तमा-७, भलवारी, रुपन्देही
**ECHS नं कार्ड. :** NE 000027720014
**भारतीय भू.पू. सैनिक नं.:** ५४४३११८
**सम्पर्क :** ९८११९९०९०१

## पाल्हीनन्दन गाउँपालिकाको अनुरोध

हावाहुरीबाट बचौ र बचाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**पाल्हीनन्दन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुनवल, नवलपरासी (बसुप), लुम्बिनी प्रदेश नेपाल**

## धितो लिलाम बिक्रीको ३५ दिने सार्वजनिक सूचना।

**(प्रकाशित मिति २०८२/०२/२३ गतेको दैनिक लुम्बिनी राष्ट्रिय दैनिक)**

तपशिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट लिएको ऋण रकमको नियम बमोजिम बुझाउनु पर्ने सावा, ब्याज तथा हर्जना समेत नबुझाउनु भएकोले सो रकम तिर्नका लागि ऋणीहरुको नाममा यस संस्थाबाट पटक-पटक मौखिक, लिखित ताकेता गर्दा समेत वेवास्ता गरी तिर्नुपर्ने ऋण रकम तिर्न कुनै प्रकारको तत्परता नदेखाउनु भएकोले यो धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपाईहरुसंग भएको सम्झौता बमोजिम संस्थामा बुझाउन आउँदाको दिनसम्मको संस्थाको नियमानुसारको ब्याज, हर्जना तथा ऋण असुलीमा लागेको खर्च समेत सम्पूर्ण रकम तिर्न ३५ दिनभित्र बुझाउन आउनु होला। सो अवधिसम्म पनि उक्त रकम नबुझाए ३६ औं दिनको दिन उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तपाईहरुले यस संस्थाबाट ऋण लिंदाका बखत धितो सुरक्षण दिनु भएको जायजेथा साथै सो धितोले चर्चेको लिगापात जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी असूल उपर गरिनेछ। तपाईहरुले यस संस्थालाई तिर्न पर्ने रकम सो जायजेथाबाट असुल उपर हुन नसकेको खण्डमा तपाई वा तपाईको एकाघरको परिवारका नाममा नेपाल सरहदभित्र जुनसुकै स्थानमा रहे भएको चल अचल श्री सम्पत्तिबाट प्रचलित कानून अनुसार आवश्यक प्रकृया अपनाई असुल उपर गरिने व्यहोरा ऋणी, धितो लेखिदिने व्यक्ति, व्यक्तिगत धन जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै तपशिलमा उल्लेखित धितो यस संस्थामा सुरक्षण रहेको कारण उल्लेखित मिति र समयमा यसै कार्यालयमा लिलाम बढाबढ हुने भएकोले ईच्छुक सम्पूर्ण सर्वसाधारण महानुभावहरुलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपशिल :

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण | धन जमानी दिनेको विवरण |
|---|---|---|---|
| १ | नाम : किसान थापा<br>बाबु : भिम बहादुर थापा<br>बाजेः पुर्ण बहादुर थापा<br>ना.प्र. नं.: ४६२६८, गुल्मी<br>ठेगाना : गुल्मी जिल्ला, हुँगा ३ स्थायी ठेगाना भई हाल तिलोत्तमा न.पा., वडा नं. ५, नयाँमिल।<br>कर्जा शिर्षकः कृषि | गुल्मी जिल्ला, हुँगा ३, स्थायि ठेगाना भई हाल तिलोत्तमा न.पा., वडा नं ५, नयाँमिल बस्ने वर्ष ३९ को श्री किसान थापाको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता श्रेस्ता कायम भएको केरवानी ७//क को कि.नं. ५२८, क्षेत्रफल ०-३-६ भएको जग्गा साथै उक्त जग्गाले चर्चेको लिग लगापात समेत। | नाम : मिना पोखरेल<br>पति : विष्णु प्रसाद पोखरेल<br>ससुरा : नारायण प्रसाद पोखरेल<br>ना.प्र.नं. : ७/२३१८ रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ५, नयँमिल। |
| २ | नाम : भुपेन्द्र पौडेल<br>बाबु : देवी प्रसाद शर्मा<br>बाजेः पशुपति<br>ना.प्र. नं.: २७०८०, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल १४ स्थायी ठेगाना भई हाल बुटवल उ.म.न.पा. वडा नं. १२, तामनगर<br>कर्जा शिर्षकः व्यापार | रूपन्देही जिल्ला, बुटवल १४, स्थायि ठेगाना भई हाल बुटवल न.पा. वडा नं १२, तामनगर बस्ने वर्ष ३७ को श्री भुपेन्द्र पौडेलको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता श्रेस्ता कायम भएको सेमलार १//ङ को कि.नं. ७१९, क्षेत्रफल ०-०-१० भएको जग्गा साथै उक्त जग्गाले चर्चेको लिग लगापात समेत | नाम : शंकर ज्ञवाली<br>बाबु : पुर्ण प्रसाद ज्ञवाली<br>बाजेः हेमलाल ज्ञवाली<br>ना.प्र. नं.: ४५२१२, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. १३, बेल्वास। |
| ३ | नाम : विना ढकाल पौडेल<br>पति : भुपेन्द्र पौडेल<br>ससुरा : देवी प्रसाद शर्मा<br>ना.प्र.नं.:३७२०२७/६५१०८, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल १२ तामनगर।<br>कर्जा शिर्षक : व्यापार | रुपन्देही जिल्ला, बुटवल १२, तामनगर बस्ने वर्ष ३४ को श्री विना ढकाल पौडेलको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता श्रेस्ता कायम भएको सेमलार २//ङ को कि.नं. ३९७, क्षेत्रफल ०-०-१० भएको जग्गा साथै उक्त जग्गाले चर्चेको लिग लगापात समेत | नाम : शंकर ज्ञवाली<br>बाबु : पुर्ण प्रसाद ज्ञवाली<br>बाजेः हेमलाल ज्ञवाली<br>ना.प्र.नं. : ४५२१२, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. १३, बेल्वास। |
| ४ | नाम : गंगा देवी गैरे<br>पति : टिकाराम गैरे<br>बाजेः खगु गैरे<br>ना.प्र.नं. : २/९६७, रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, दुधराक्ष- २, स्थायी ठेगाना हालः बुटवल उ.म.न.पा. वडा नं. १२, तामनगर।<br>कर्जा शिर्षकः जग्गा खरिद | रूपन्देही जिल्ला, दुधराक्ष-२, स्थायी ठेगाना भई हाल बुटवल न.पा., वडा नं १२, तामनगर बस्ने वर्ष ५१ की श्री गंगा देवी गैरेको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता श्रेस्ता। कायम भएको दुधराक्ष ३/ख कोकि.नं.११६४,८६४,८६७क्षेत्रफल ०-०-५.५०,०-१-२.५०,०-१-२.५ भएको जग्गा साथै उक्त जग्गाले चर्चेको लिग लगापात समेत | नाम : धन बहादुर दमाई<br>बाबु : चन्द्रे दमाई<br>बाजेः गोरख सिंह दमाई<br>ना.प्र.नं.:३८१८७८८, कपिलवस्तु<br>ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ९, कालिकानगर। |

**बुटवल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**BUTWAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.**
बुटवल उप.म.न.पा.-८, सुरक्षानगर, रुपन्देही, नेपाल
फोन नं.: ०७१-५५६०५२, ५४२०५२


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com